# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१२।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः <u>आरोपपत्र दायर गरिएको।</u>**

जिल्ला रुपन्देही, सम्मरीमाई गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष श्रवण कुमार यादवले जग्गाको चार किल्ला सिफारिस गरिदिने प्रयोजनका लागि पटक-पटक सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीद्वारा निज श्रवण कुमार यादवलाई सेवाग्राहीसँग रु.७०,०००।– (सत्तरी हजार) घुस/रिसवत लिइसकेको भन्ने सूचनाको आधारमा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा जिल्ला रुपन्देही, सम्मरीमाई गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष श्रवण कुमार यादवले सेवाग्राहीको बाबुको नाममा रहेको जग्गाको चारकिल्ला सिफारिस गरिदिने प्रयोजनको लागि बिभिन्न बहाना बनाई रु.१,००,०००।—(एक लाख) माग गरी बार्गेनिङ पश्चात रु.७०,०००।—(सत्तरी हजार) घुस/रिसवत लिन सहमत भएको स-प्रमाण पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको भ्रष्टाचारजन्य कसुर भएकोले निज श्रवण कुमार यादवलाई बिगो रु.७०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन तथा आयोगबाट सेवाग्राहीलाई उपलब्ध गराइएको रकम रु. ७०,०००।— निज श्रवण कुमार यादवबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत गर्ने समेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला